# हिंसा प्रभावितको लागि सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावना: गण्डकी प्रदेशमा हिंसा विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्न लैङ्गिक हिंसाजन्य घटनाबाट सृजित असरको न्यूनीकरण गरी प्रभावितलाई सामाजिक न्यायको प्रत्याभूति दिलाउन घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ को दफा ११ मा भएको व्यवस्थालाई कार्यान्वयन गर्न अल्पकालीन आश्रय सहितको सेवा केन्द्र स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "हिंसा प्रभावितको लागि सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) 'ऐन" भन्नाले घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले जिल्ला स्थित सामाजिक विकास कार्यालय सम्झनु पर्छ।

(ग) "घरेलु हिंसा" भन्नाले घरेलु हिंसा, कसुर र सजाय ऐन, २०६६ अन्तर्गतको घरेलु सम्बन्ध भित्र हुने शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातनालाई सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले घरेलु हिंसा (कसुर र सजाय) नियमावली २०६७ सम्झनुपर्छ ।

(ङ) "पीडित/प्रभावित" भन्नाले हिंसामा परेको, बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको वा मानव वेचविखनको उच्च जोखिममा रहेका व्यक्ति सम्झनु पर्छ ।

(च) "प्रमुख" भन्नाले सेवा केन्द्र प्रमुख सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले सामाजिक विकास सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(ज) "महाशाखा प्रमुख" भन्नाले मन्त्रालयको सामाजिक विकास महाशाखा प्रमुख सम्झनुपर्छ।



प्रदेश सचिव

(झ) "मानव वेचविखन" भन्नाले मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा भएको व्यवस्था अनुसार कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै पनि प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, वेश्यागमन गर्ने, प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने कार्यलाई सम्झनुपर्छ ।

(ञ) "मानव ओसारपसार" भन्नाले मावन वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ मा भएको व्यवस्था अनुसार किन्ने वा वेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइफकाइ, प्रलोभनमा पारी, झुक्याइ जालसाज गरी, प्रपञ्च मिलाई, जबरजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितीको फाइदा लिई, वेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी, कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्यलाई सम्झनु पर्छ ।

(ट) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षती वा पिडा पुऱ्याउने कार्य सम्झनु पर्छ।

(ठ) "सचिव" भन्नाले सामाजिक विकास सम्बन्धी विषय हेर्ने मन्त्रालयको सचिव सम्झनु पर्छ।

(ड) "समिति" भन्नाले दफा ६ बमोजिम गठन भएको निर्देशन समिति सम्झनु पर्छ।

(ढ) "सेवा केन्द्र" भन्नाले हिंसा तथा वेचविखनबाट पिडित/प्रभावितका लागि तत्काल संरक्षण गरी परिवार/समुदायमा पुनर्स्थापना/पुनर्मिलन नहुन्जेल एकिकृत सेवा प्रदान गर्ने उद्देश्यले कार्यालयको समन्वयमा स्थानीय तह वा संस्था मार्फत सञ्चालन गर्ने गरी जिल्लास्तरमा स्थापना गरिएको अल्पकालिन सेवा केन्द्रलाई सम्झनुपर्छ ।

(ण) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेश अन्तर्गतका गाउँपालिका तथा नगरपालिकालाई सम्झनुपर्छ।



प्रदेश सचिव

प्रमुख सचिव

परिच्छेद २

## अल्पकालिन सेवा केन्द्रको स्थापना र सञ्चालन तथा अख्तियारी प्रदान गर्ने आधार तथा प्रक्रिया

३. सेवा केन्द्र स्थापना तथा संचालनः (१) सेवा केन्द्र स्थापना तथा संचालन सम्बन्धित कार्यालयको समन्वयमा जिल्लाको सदरमुकाम स्थित स्थानीय तह आफैं वा संस्था मार्फत हुनेछ ।

(२) उपदफा (१) बमोजिम सेवा केन्द्र स्थापना तथा सञ्चालनको लागि मन्त्रालयले कार्यालयलाई सालबसाली रुपमा बजेट विनियोजन गर्नेछ।

४. सेवा केन्द्रको कार्यक्षेत्रः (१) सेवा केन्द्रको कार्यक्षेत्र सम्बन्धित जिल्लाभर रहनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आवश्यकतानुसार अन्य जिल्लाबाट सेवा लिन आउने पिडित/प्रभावित व्यक्तिलाई समेत सेवा प्रवाह गर्न बाधा पुगेको मानिने छैन ।

५. सेवा केन्द्रको कार्य जिम्मेवारीः (१) सेवा केन्द्रले निर्धारित प्रक्रियाबाट सम्प्रेषित पिडित/प्रभावितका लागि सुरक्षित अल्पकालीन आश्रय सहितको सेवा सञ्चालन गर्नुपर्नेछ।

(२) सेवा केन्द्रले उपदफा (१) बमोजिम पिडित/प्रभावितलाई निजको अवस्थाअनुसार देहायका सेवाहरु प्रदान गर्नुपर्नेछः

(क) लागेको चोटपटकको औषधोपचार,
(ख) मनोसामाजिक विमर्श,
(ग) न्यायमा पहुँच दिलाउन आवश्यक कानूनी परामर्श एवं सेवा,
(घ) कानून कार्यान्वयन गर्ने निकायहरुसँग सम्पर्क सेवा र
(ङ) समितिले तोकेको अन्य सेवा,

(३) सेवा केन्द्रले सुरक्षित आश्रय आवश्यक नपर्ने तर उपदफा (२) मा उल्लिखित सेवा आवश्यक परी निर्धारित प्रक्रियाबाट सम्प्रेषित पिडित/प्रभावितका हकमा पनि उल्लेखित सेवा दिनुपर्नेछ।

(४) सेवा केन्द्रमा सेवा लिन आउने पिडित/प्रभावितको व्यक्तिगत विवरण अनुसूचि-१ बमोजिमको ढाँचामा अभिलेखीकरण गरी राख्नुपर्नेछ ।

(५) सेवा केन्द्रले सेवा प्राप्त पिडित/प्रभावितलाई हकभोग, पारिवारिक पुनर्मिलन, वैकल्पिक पुनःस्थापना लगायतका विषयमा व्यवस्थापन गर्नुपर्नेछ।

(६) सेवा केन्द्रले प्रत्येक महिनाको प्रगति प्रतिवेदन अनुसूचि-२ बमोजिमको ढाँचामा तयार गरी व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ।



प्रदेश सचिव

(७) सेवा केन्द्रले आवश्यकतानुसार स्थानीय तह, कार्यालय तथा मन्त्रालयमा समन्वय गर्नुपर्नेछ।

(८) सेवा केन्द्रमा सेवा लिन आउने पिडित/प्रभावितको विवरण अनुसूची-३ बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

६. <u>निर्देशक समिति सम्बन्धी व्यवस्था</u> (१) सेवा केन्द्र सञ्चालनको नियमित सुपरिवेक्षण, नीतिगत सहयोग तथा समन्वयका लागि देहाय बमोजिमका पदाधिकारी रहने गरी एक निर्देशक समिति रहनेछः

(क) मन्त्री, मन्त्रालय -संयोजक

(ख) सचिव,मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय -सदस्य

(ग) सचिव,मन्त्रालय - सदस्य

(घ) सचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ङ) सचिव, स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(च) प्रमुख, प्रदेश प्रहरी कार्यालय -सदस्य

(छ) लैंगिक हिंसा निवारणमा काम गर्ने सामाजिक संस्था मध्येबाट मन्त्रालयले मनोनित गरेका कम्तीमा १ जना महिला सहित २ जना - सदस्य

(ज) महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय -सदस्य सचिव

(२) समितिको सचिवालयको काम मन्त्रालयको सामाजिक विकास महाशाखाले गर्नेछ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

७. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रचलित कानून बमोजिम सेवा केन्द्र सञ्चालन सम्बन्धी निर्णय गरी व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(ख) हिंसा निवारणका लागि आवश्यक नीति, योजना निर्माणमा समन्वयात्मक भूमिका निर्वाह गर्ने,

प्रदेश सचिव

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रमुख सचिव

(ग) सेवा केन्द्रमा रहेका पीडित/प्रभावितको व्यक्तिगत विवरण अद्यावधिक गर्न लगाउने,

(घ) सेवा केन्द्र संचालनका लागि आवश्यक पर्ने सेवा र सुविधा नियमित रुपमा उपलब्ध गराउने,

(ङ) सेवा केन्द्रको काम कारवाहीको निरन्तर रुपमा अनुगमन गर्ने,

(च) सेवा केन्द्रको सेवा सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने।

८. <u>सेवा केन्द्र व्यवस्थापन समितिः</u> (१) सेवा केन्द्र संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछः-

(क) उपप्रमुख/उपाध्यक्ष, सेवा केन्द्र संचालन गर्ने स्थानीय तह -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह -सदस्य

(ग) प्रमुख, कार्यालय -सदस्य

(घ) प्रमुख, सेवा केन्द्र - सदस्य

(ङ) प्रमुख, महिला तथा बालबालिका सेवा केन्द्र (जिल्ला प्रहरी कार्यालय) - सदस्य

(च) प्रमुख, अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र -सदस्य

(छ) प्रमुख, महिला तथा बालबालिका शाखा, सेवा केन्द्र संचालन गर्ने स्थानीय तह -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित जिल्लाका अन्य स्थानीय तहका उपप्रमुख/उपाध्यक्ष, कार्यालयका प्रमुख तथा विज्ञलाई समेत आमन्त्रण गर्न सक्नेछ।

९. <u>सेवा केन्द्र व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u> (१) दफा ८ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) पीडित/प्रभावितको अवस्था पहिचान गरी पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाको लागि व्यवस्था मिलाउने ।

(ख) अति विपन्न पीडित/प्रभावितको पहिचान गरि स्वरोजगार सिर्जनाका लागि वस्तुगत अनुदान उपलब्ध गराउन आवश्यक निर्णय गर्ने ।

(ग) सरोकारवाला निकाय तथा संघसंस्थासँग समन्वय गर्ने ।

(घ) केन्द्र संचालन सम्बन्धी आय-व्ययको हिसाब चुस्त दुरुस्त राख्ने ।

(ङ) मन्त्रालय र निर्देशक समितिबाट प्राप्त भएको निर्देशन कार्यान्वयन गर्ने।



प्रदेश सचिव
गण्डकी प्रदेश सरकार

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

प्रमुख सचिव

(च) केन्द्र संचालन र व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्ने ।

(छ) चौमासिक रुपमा अनुसूचि-२ बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउने।

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. <u>आश्रित अवधिः</u> पीडित/प्रभावितलाई साधारण अवस्थामा बढीमा ३० दिन सम्म र विशेष अवस्था परि व्यवस्थापन समितिले निर्णय गरेकोमा थप १५ दिन सम्म सेवा केन्द्रमा आश्रय दिई राख्न सकिनेछ।

११. <u>सेवा केन्द्रको न्यूनतम मापदण्डः</u> यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन हुने सेवा केन्द्र अनुसूची -४ बमोजिमको न्यूनतम मापदण्ड पूरा गरेको हुनुपर्नेछ ।

१२. <u>सेवा केन्द्र सञ्चालन खर्च मापदण्डः</u> (१) सेवा केन्द्रबाट सेवा प्रदान गर्दा देहायको प्रयोजनमा देहायबमोजिमको सीमाभित्र रहेर खर्च गर्नुपर्नेछः-

(क) केन्द्रका साथै सुरक्षित अल्पकालिन आश्रयका लागि लिइने घरको भाडाका लागि व्यवस्थापन समितिले घर हेरी स्वीकृत गरेको रकम।

(ख) विस्तारा, पर्दा, फर्निचर, भाडाँकुँडा, टेलिभिजन, खातापाता लगायतका स्थापनाका लागि आवश्यक खप्ने मालसामानका लागि व्यवस्थापन समितिले औचित्यका आधारमा स्वीकृत गरेको रकम।

(ग) पीडित/प्रभावितको बिरामी भई उपचार गराउनुपरेमा व्यवस्थापन समितिले तोकेको अस्पतालमा उपचार गराउनुपर्नेछ।

(घ) पीडित/प्रभावितको बिरामी भई सेवा केन्द्रमै वसी उपचार गराउँदा अस्पताल आतेजाते गर्दा लाग्ने मितव्ययी सवारी साधनको भाडाको (विरामी तथा कुरुवा समेतको जोडेर)साथै परीक्षण तथा औषधी खर्च वापत जम्मा रु ५,०००।- (पाँच हजार) भन्दा नबढ्ने गरी लागेको यथार्थ खर्च।

(ङ) अस्पतालमै भर्ना भई उपचार गराउँदा, पुऱ्याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त पाँच दिन सम्म खाने खर्च वापत विरामी र एक जना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु ५००।- (पाँच सय) गरी जम्मा रु १०,०००।- (दश हजार) भन्दा नबढ्ने गरी लागेको यथार्थ खर्च।



गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

प्रदेश सचिव

प्रमुख सचिव

(च) विशेष अवस्थामा व्यवस्थापन समितिले विशेष निर्णय गरेकोमा थप रु ४०००।- (चार हजार) सम्म

(छ) पीडित/प्रभावितलाई कानूनी उपचारका लागि एक जना साथी समेत अड्डा अदालत आतेजाते मितव्ययी सवारी साधनको भाडा, कानूनी दस्तुर र सेवावापत प्रतिव्यक्ति रु ५,०००।- (पाँच हजार) भन्दा ननाघ्ने गरी लागेको यथार्थ खर्च।

(ज) फिर्ता सम्प्रेषण गर्दा साथीसमेतको मितव्ययी सवारी साधनको भाडा तथा एकै दिन पुगिनेमा खाजा खर्चवापत प्रतिव्यक्ति रु २००।- (दुई सय) र वास वस्नुपर्नेमा वस्ने खाने खर्च वापत प्रतिव्यक्ति दैनिक रु ५००।- (पाँच सय) सम्म ।

(झ) सेवा केन्द्रमा रहेको अवधिभर पीडित/प्रभावितको साथी समेतको खानेकुरामा प्रतिव्यक्ति दैनिक रु ४००।- (चार सय) सम्म ।

(ञ) पीडित/प्रभावितको कपडा च्यातिएर रगताम्मे भएर वा एकसरो मात्र भएर जाडोको कपडा नभएमा लुगाफाटो किन्न प्रतिव्यक्ति रु ३,०००।- (तीन हजार) सम्म।

(ट) पीडित/प्रभावितलाई आवश्यक मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति रु १०००।- (एक हजार) सम्म ।

(ठ) पीडित/प्रभावितलाई मेलमिलापकर्ता आवश्यक परेमा प्रतिव्यक्ति रु ७००।- ( सात सय) सम्म।

(ड) पारिवारीक पुनर्मिलन हुन नसकेको अवस्थामा पीडित/प्रभावितका लागि हिंसाको प्रकृति हेरी समितिको निर्णय बमोजिम एकपटक जिविकोपार्जन अनुदान वापत रु २५,०००।-(पच्चीस हजार) सम्म।

(ढ) जनशक्ति, प्रतिवेदन समीक्षा र केन्द्रका गतिविधि समेतको व्यवस्थापन खर्चका लागि पुष्टयाईका आधारमा औचित्य समेत हेरी व्यवस्थापन समितिले स्वीकृत गरेको एकमुष्ट रकम

(२) व्यवस्थापन समितिको वैठक संचालन खर्च नियमानुसार हुनेछ ।

१३. <u>अनुगमन सम्बन्धी व्यवस्था:</u> मन्त्रालय र निर्देशक समितिले नियमित रुपमा केन्द्रको अनुगमन गर्नेछ।

प्रदेश सचिव

१४. <u>बाधा अड्काउ फुकाउने अधिकार</u>: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउनेछ ।

१५. <u>खारेजी र बचाउ</u>: (१) हिंसा प्रभावितहरुको लागि सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ खारेज गरिएको छ ।

(२) हिंसा प्रभावितहरुको लागि सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७६ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

प्रमुख सचिव

अनुसूची १

दफा ५ को उपदफा (४) सँग सम्बन्धित

सेवा केन्द्रबाट प्रदान गरिने सेवाको व्यक्तिगत विवरण

| सि नं | नामथर | ठेगाना | उमेर/लिङ्ग | हिंसाको प्रकृति | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बलात्कार | यौनजन्य दुर्व्यवहार | कुटपिट | जबरजस्ती विवाह | बाल विवाह | गर्भपतन | अन्य | पिडकको नाम, नाता र ठेगाना | सिफारिस सम्प्रेषणको स्रोत | प्रदान गरिएको सहयोगको व्यहोरा | प्रेषण गरिएको स्थान | फलोअपको अवस्था | कैफियत |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

प्रदेश सचिव

प्रमुख सचिव

अनुसूची -२

(दफा ५ को उपदफा (६) र दफा ९ को उपदफा (१) को खण्ड (छ) सँग सम्बन्धित)

## हिंसा पिडित/ प्रभावितका लागि सेवा केन्द्रको प्रगति प्रतिवेदन विवरण

| सि.नं. | विवरण | संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | हालसम्म प्राप्त उजुरी | फछ्यौंट भएका | बाँकी | |
| १ | सेवा केन्द्रबाट सेवा प्राप्त गरेका प्रभावितहरुको संख्या | | | | |
| | (क)अदालतबाट सम्प्रेषण भई आएका | | | | |
| | (ख)प्रहरीबाट सम्प्रेषण भई आएका | | | | |
| | (ग)स्वास्थ्य केन्द्रबाट सम्प्रेषण भई आएका | | | | |
| | (घ)स्थानीय तहबाट सम्प्रेषण भई आएका | | | | |
| | (ङ)सेवा केन्द्रमा सोझै आएका | | | | |
| | (च)अन्य | | | | |
| | जम्मा | | | | |
| २ | हिंसाको प्रकार | | | | |
| | (क) शारीरिक | | | | |
| | (ख) मानसिक | | | | |
| | (ग) आर्थिक | | | | |
| | (घ) यौनजन्य | | | | |
| | (ङ) अन्य | | | | |
| | जम्मा | | | | |
| ३ | सेवा केन्द्रबाट उपलब्ध सेवाहरु | | | | |
| | (क) स्वास्थ्य उपचार | | | | |
| | (ग) मनोविमर्श सेवा | | | | |
| | (घ) मुद्दा दायर | | | | |
| | (ङ) परिवारमा पुनर्मिलन | | | | |
| | (च) समुदायमा पुनर्स्थापन | | | | |
| | (छ) बीउ पुँजी रकम प्रदान | | | | |
| | (ज) सीप विकास तालिम | | | | |
| | (झ) अन्य | | | | |
| | जम्मा | | | | |



प्रदेश सचिव

प्रमुख सचिव

अनुसूची -३

(दफा ५ उपदफा (८) सँग सम्बन्धित)

सेवा केन्द्रमा सेवा लिन आएका पिडित/प्रभावितको विवरण

| सि.नं. | दर्ता मिति | नाम थर | ठेगाना | उमेर | हिंसाको प्रकार | हालको अवस्था | सहयोग गर्नुपर्ने क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
पोखरा, कास्की, नेपाल

प्रदेश सचिव

प्रमुख सचिव

अनुसूची- ४

(दफा ११ सँग सम्बन्धित)

सेवा केन्द्रको न्यूनतम मापदण्ड

१. परिसरः आवास गृह परिसर देहायबमोजिम हुनुपर्दछः

(क) चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबारले घेरिएको,

(ख) हाताभित्र सम्भव भएसम्म खुल्ला ठाउँ रहेको,

(ग) आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्वार भएको र

(घ) सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान ।

२. आवास गृहः आवास गृह देहायका सुविधा सम्पन्न हुनुपर्नेछ ।

(क) दुवै पट्टी झ्याल राखिएका हावा खेल्ने कोठाहरु,

(ख) प्रत्येकका लागि छुट्टाछुट्टै खाट, विस्तारा,

(ग) पिडित/प्रभावित बालबालिकाका लागि अलग्गै कोठाहरु,

(घ) झ्यालमा पर्दा र अन्य आवश्यक फर्निचर,

(ङ) मनोसामाजिक विमर्शका लागि छुट्टै कक्ष,

(च) मनोरञ्जन, अन्तरक्रियाका लागि साझा कक्ष,

(छ) शौचालय तथा स्नान कक्ष,

(ज) साझा टेलिफोन र टेलिभिजन,

(झ) ठाउँ हेरी पंखा हिटर,

(ञ) स्रोत हेरी पर्याप्त पानी,

(ट) नुहाईधुवाई, सरसफाइका लागि सामग्री, भाँडाकुँडा, कुचो, डस्टविन आदि,

(ठ) सुरक्षाका लागि आवश्यकतानुसार पालो पहरा ।

३. लुगाफाटोः सेवा केन्द्रमा आश्रय लिएका पिडित/प्रभावितको लागि देहायमा उल्लेखित लुगाफाटोको व्यवस्था हुनुपर्दछ ।

(क) ओढ्ने ओछ्याउने विस्तारा १ सेट

(ख) आवश्यकतानुसार लगाउने लुगा र जुत्ता चप्पल

४. खानेकुराः दैनिक खानेकुराको व्यवस्था व्यवस्थापन समितिले तोकेबमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्ने गरी देहायबमोजिम हुनुपर्नेछ ।

(क) विहान चिया, विहानबेलुका खाना तथा दिउसो खाजा,

(ख) मांशाहारीको लागि हप्तामा दुईपटक माछामासु तथा शाकाहारीको हकमा सोको मूल्य बराबरको दुध दही तथा फलफूल



प्रदेश सचिव

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

प्रमुख सचिव

(ग) शुद्ध पिउने पानी

५. स्वास्थ्य उपचारः व्यवस्थापन समितिले तोकेको अस्पतालमा सेवा केन्द्रमा आश्रय लिएका पिडित/प्रभावितको स्वास्थ्योपचार गराउनुपर्दछ ।स्वास्थ्योपचारतर्फ निम्न व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

(क) प्राथमिक उपचार सामाग्री,

(ख) समस्या हेरी नियमित उपचार,

(ग) आकस्मिक उपचार,

(घ) बालबालिकाका हकमा उमेरअनुसार लगाउनुपर्ने खोप

६. मनोसामाजिक विमर्शः व्यवस्थापन समितिले निर्धारण गरेको योग्यता हासिल गरेका मनोविमर्शकर्ताबाट देहायबमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्दछ ।

(क) संरक्षित व्यक्ति प्रत्येकलाई हप्तामा एकपटक नियमित सेवा,

(ख) संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा,

(ग) सेवाग्राहीको व्यक्तिगत विवरणको गोपनियता कायम राख्ने व्यवस्था।

७. कानूनी सेवाः देहायमा उल्लेखित कानूनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

(क) पिडित/प्रभावितले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा

(ख) पिडित/प्रभावितले प्रचलित कानूनबमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा

८. सञ्चालनः केन्द्रका सेवाको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ।

(क) पिडित/प्रभावितले ममतामय, सहानुभूतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखित आचारसंहिताको व्यवस्था गर्नुपर्नेछ।

(ख) पिडित/प्रभावितको पहिचानको गोप्यनियता कायम राख्ने व्यवस्थाका साथै इच्छाविपरीतको कुनै पनि कार्यमा प्रतिबन्ध गर्ने व्यवस्था गर्नुपर्नेछ।

(ग) आवास गृहमा भेटघाट कक्षभन्दा बाहिर बस्ने अनुमती प्राप्त चिकित्सक, सफाइकर्मी लगायतका अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश निषेध गर्नुपर्नेछ।

(घ) व्यवस्थापन समितिले तोके बमोजिम खोल्नेगरी आवासगृहमा उजुरी पेटिकाको व्यवस्था ।

९. जनशक्तिः केन्द्रमा महिलालाई प्राथमिकता दिई देहायबमोजिमको प्रशिक्षित जनशक्ति हुनुपर्दछ।

(क) केन्द्र प्रमुख -१ जना, चौकीदार-१ जना र सहयोगी कर्मचारी -१ जना,

(ख) मनोसामाजिक मनोविमर्शकर्ता र कानूनी सल्लाहकार आवश्यक परेको वेला उपलब्ध हुने गरी सम्पर्कमा राख्ने।

१०. अभिलेखः केन्द्रले देहाय बमोजिम अभिलेख राख्नुपर्नेछ ।



गण्डकी प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

प्रदेश सचिव

(क) पिडित/प्रभावितको नाम दर्ता किताब,

(ख) संरक्षक व्यक्तिको दैनिक हाजिरी किताब,

(ग) पिडित/प्रभावितको व्यक्तिगत गोप्य फाइल,

(घ) दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात,

(ङ) व्यवस्थापन समितिको निर्णय किताब,

(च) स्वास्थ्योपचार मनोसामाजिक विमर्श कानूनी सेवाको विवरण खुल्ने सेवापिच्छे लगत र व्यवस्थापन समितिले तोकेको अन्य अभिलेख।

प्रमुख सचिव

प्रदेश सचिव